नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

(योजना तथा अनुगमन शाखा)

पत्र संख्या : २०७६/७७

चलानी नं : ३८

मिति २०७६/०४/२९

विषय: आधारमूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सञ्चालन विवरण सम्बन्धमा ।

श्री गाउँपालिका/नगरपालिका (सबै)

प्रस्तुत विषय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.स. १(यो) २०७६/७७, च. नं. २४, मिति २०७६/०४/२६ को पत्र यसै साथ संलग्न छ । थप व्यहोरा सोही पत्रबाट अवगत गर्नुभई माग भए बमोजिमको प्रगति विवरण र स्वास्थ्य संस्था नभएका वडाहरुको विवरण तोकिएको मिति भित्र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा उपलब्ध गराई सो को जानकारी यस मन्त्रालयलाई दिनु हुन आदेशानुसार अनुरोध छ ।

.................................

(कमल प्रसाद दाहाल)

शाखा अधिकृत

**बोधार्थ:**

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,

नीति तथा योजना शाखा ।

श्री सूचना तथा प्रविधि शाखा,

सङ्घीय मा. तथा सामान्य प्रशासन मन्त्रालय: website मा Upload को लागि ।

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## नीति तथा योजना शाखा

रामशाहपथ, काठमाडौं,
नेपाल

पत्र संख्या १(यो) २०७६।७७
च.नं. २४

मितिः २०७६।०४।२६

विषयः <u>आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा संचालन सम्वन्धमा ।</u>

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।

प्रस्तुत विषयमा गत आ.व. २०७५।७६ मा स्वास्थ्य संस्था नभएका १२०० वडाहरूमा लागत सहभागितमा आधारभूत स्वास्थ्य सेवा स्थानीय तहका सबै वडामा निर्माण गर्नको लागि **स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा सञ्चालन सम्वन्धि कार्यविधि, २०७५** अनुसार खर्च गर्ने गरी Type 1 र Type 2 को लागि कार्यविधिमा तोकिए बमोजिमको रकमको ४० प्रतिशत र सेवा सञ्चालनको लागि रू. ५ लाख रकम स्थानीय तहहरूमा वित्तिय हस्तान्तरण भइसकेको व्यहोरा अवगतै छ ।

उक्त सम्वन्धमा गत आ.व.मा भएको वित्तिय हस्तान्तरणको वित्तिय र भौतिक प्रगतिको आधारमा थप रकम वित्तिय हस्तान्तरण गरिने भएको हुँदा २०७६ भाद्र महिनाको ५ गते भित्र यस मन्त्रालयमा सो सम्वन्धी प्रगति विवरण उपलब्ध गराइदिन यसैसाथ संलग्न पत्र सवै स्थानीय तहहरूलाई पत्राचार एवं तहाँ मन्त्रालयको वेभसाइट मार्फत सूचना जारी गरी सहयोग गरिदिनु हुन यस मन्त्रालय (सचिवस्तर) मिति २०७६।४।२२ को निर्णयानुसार अनुरोध गर्दछु ।

सूर्यबहादुर खड्का
तथ्यांक अधिकृत

बोधार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार ।
श्री अर्थ मन्त्रालय, सिंहदरवार ।

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

नीति, योजना शाखा

रामशाहपथ, काठमाडौं, नेपाल

पत्र संख्या १(यो) २०७६।७७
च.नं. २४

मिति: २०७६।०४।२६

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

विषयः **आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा संचालन विबरण सम्वन्धमा।**

श्री स्थानीय तह,
सवै (७५३)

प्रस्तुत विषयमा गत आ.व. २०७५।७६ मा स्वास्थ्य संस्था नभएका १२०० वडाहरूमा लागत सहभागितमा आधारभूत स्वास्थ्य सेवा स्थानीय तहका सबै वडामा निर्माण गर्नको लागि **स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा सञ्चालन सम्वन्धि कार्यविधि, २०७५** अनुसार खर्च गर्ने गरी Type 1 र Type 2 को लागि कार्यविधिमा तोकिए बमोजिमको रकमको ४० प्रतिशत र सेवा सञ्चालनको लागि रू. ५ लाख रकम स्थानीय तहहरूमा वित्तिय हस्तान्तरण भएको व्यहोरा अवगतै छ।

यस सन्दर्भमा चालु आ.व. २०७६।७७ मा समेत स्थानीय तहका वडाहरूमा लागत सहभागितामा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सञ्चालन गर्न रकम विनियोजन गरिएको छ। गत आ.व.मा वित्तिय हस्तान्तरण भए अनुरूप वित्तिय र भौतिक प्रगतिको आधारमा थप रकम वित्तिय हस्तान्तरण गरिने भएको हुँदा २०७६ भाद्र महिनाको ५ गते भित्र यस मन्त्रालयमा प्रगति विवरण उपलब्ध गराइदिनु हुन र स्वास्थ्य संस्था नभएका वडाहरूको बिबरण समेत उपलब्ध गराइ सहयोग गर्नु हुन यस मन्त्रालय (सचिवस्तर) मिति २०७६।४।२२ को निर्णयानुसार अनुरोध गर्दछु।

सूर्यबहादुर खड्का
तथ्यांक अधिकृत

सूर्यबहादुर खड्का
तथ्याङ्क अधिकृत

बोधार्थः
श्री स्वास्थ्य कार्यालय,
७७ जिल्लाः आवश्यक सहयोग र समन्वयको लागि।